गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

सूचना नं : ४/२०८३/८४

# कृषि विकास कार्यालय, गोरखा

## आवेदन पेश गर्ने सम्बन्धी पुन: सूचना !

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/१६)**

**(दोस्रो पटक प्रकाशित मिति: २०८३/०६/१५)**

यस कार्यालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गोरखा जिल्लाभित्र देहायका कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १२ दिन (मिति २०८३/०६/२६) मित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु समावेश गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु.लाख) | आवेदकले पालना गर्नुपर्ने विषय |
|---|---|---|---|---|
| १ | फलफूल बगैचा सुदृढीकरण तथा क्षेत्र विस्तार | ३ पटक | ७५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ । |
| २ | फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण | ३ पटक | १५ | संरक्षित संरचना बनाई नर्सरी स्थापना गर्ने भएमा न्यूनतम ३०० वर्ग मिटर र खुल्ला स्थानमा नर्सरी स्थापना गर्ने भएमा न्यूनतम ५०० वर्ग मिटर क्षेत्रफलमा हुनु पर्नेछ। साथै, नर्सरी विरुवाको गुणस्तर मापदण्ड गण्डकी प्रदेश फलफूल नर्सरी व्यवस्थापन स्थापना तथा सञ्चालन निर्देशिका, २०८० बमोजिम हुनुपर्ने। |
| ३ | उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रम | २० रोपनी | २६ | कृषि फर्म/कंम्पनीको हकमा कम्तीमा १ रोपनी र कृषक समूह/सहकारीको हकमा न्यूनतम १० रोपनी। |
| ४ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | १ पटक | ३० | कफी, अलैंची, चिया, उखु, अकबरे खुर्सानी, अदुवा, वेसार आदिको उत्पादन तथा बजारीकरणका लागि आवेदन दिन सकिनेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र कृषक समूह/सहकारीको हकमा न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। |
| ५ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | २ पटक | १० | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। |
| ६ | व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम | १ पटक | ४१ | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचनाभित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र १००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। |
| ७ | चैते धान उत्पादन प्रवर्धन कार्यक्रम | ३० हे. | ३० | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा ५० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। |
| ८ | खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ४० हे. | ४० | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई एकमुष्ठ कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। |
| ९ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ९ हे. | ९ | खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। बीउ बिजन कारोबार अनुमति पत्र अनिवार्य रहेको । |
| १० | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम (संघीय सशर्त कार्यक्रम) | १ पटक | २० | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसारका कार्यक्रम सञ्चालन गर्नेगरी कृषक, कृषक समूह/कृषि सहकारी तथा निजी कम्पनीले आवेदन दिन सक्नेछन् । |

कुल प्रसाद तिवारी

वरिष्ठ कृषि विकास अधिकृत

CamScanner

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
गोरखा

## कार्यक्रमबाट उपलब्ध हुने अनुदान प्रतिशत:

- विरुवा तथा अन्य कृषि उत्पादन सामाग्रीहरुमा बढीमा ७५% अनुदान उपलब्ध हुने।
- कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिंचाई संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित सामुदायिक पूर्वाधार निर्माण कार्यमा बढीमा ७५% अनुदान। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५०% अनुदान उपलब्ध हुने।
- उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रमबाट स्याउका विरुवा खरिदमा मात्र बढीमा ७५% अनुदान उपलब्ध हुने।
- व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम र फलफूल नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रममा बढीमा ५०% अनुदान उपलब्ध हुने।
- कृषि यान्त्रिकरण सामाग्रीहरुमा बढीमा ५०% अनुदान उपलब्ध हुने।

## आवश्यक कागजातहरु:

| | |
|---|---|
| १) निवेदन | २) स्पष्ट रुपले भरिएको प्रस्तावना फाराम |
| ३) नेपाली नागरिकताको प्रमाणपत्र | ४) जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि |
| ५) वडा कार्यालय/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र | ६) समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि |
| ७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः दर्ता/स्थापना सम्वन्धी कागजातको प्रतिलिपि, नविकरण प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, समान प्रकृतिको कार्यका लागि अघिल्ला दुई आर्थिक बर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र । | |

**निवेदन र प्रस्तावको ढाँचा यस कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा वडा कार्यालयबाट उपलब्ध हुनेछ तथा कार्यालयको वेभसाईट *www.gorkha.akc.gov.np* बाट डाउनलोड गर्न सकिनेछ। साथै, उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदकहरु उपर कुनै प्रकृया अघि बढाईने छैन ।**

पुनश्च: गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम सञ्चालन सम्बन्धि स्वीकृत/संशोधित मापदण्ड अनुसार माथि उल्लेखित कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गरिनेछ।

**थप जानकारीको लागि :**

फोन नं. ०६४-४२०११३ वा सूचना अधिकारी-९८५६०७०६४९ वा गुनासो सुन्ने अधिकारी-९८५६०४०६४९ वा कार्यालय प्रमुख फोन नं. ९८५६०३०६४९

कुल प्रसाद तिवारी
वरिष्ठ कृषि विकास अधिकृत

CamScanner